# हलेसी महादेवस्थान विकास समिति (गठन) आदेश, २०५३

नेपाल राजपत्रमा प्रकाशित मिति

२०५४।२।६

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "हलेसी महादेवस्थान विकास समिति (गठन) आदेश, २०५३" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा, -

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठित हलेसी महादेवस्थान विकास समिति सम्झनु पर्छ।

(ख) "हलेसी महादेवस्थान" भन्नाले खोटाङ्ग जिल्ला अन्तर्गत हलेसी महादेवस्थान गाउँ विकास समितिले ओगटेका सबै वडाहरूको क्षेत्र सम्झनु पर्छ।

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(घ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँछ।

(ङ) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

३. **हलेसी महादेवस्थान विकास समितिको गठन** : (१) हलेसी महादेवस्थानको सामाजिक, धार्मिक, साँस्कृतिक र आर्थिक विकास गर्न हलेसी महादेवस्थान विकास समिति नामको एउटा समिति गठन हुनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन् :-

(क) नेपाल सरकारले तोकेको व्यक्ति - अध्यक्ष

(ख) हलेसी महादेवस्थान क्षेत्रको सामाजिक, धार्मिक, साँस्कृतिक र आर्थिक विकासमा विशेष योगदान दिने तथा चासो राख्ने व्यक्तिहरू मध्येबाट

| | | |
|---|---|---|
| | नेपाल सरकारले मनोनीत गरेका पाँच जना व्यक्तिहरू | - सदस्य |
| (ग) | खोटाङ्ग जिल्लाबाट संसदमा प्रतिनिधित्व गर्ने सदस्यहरू | - सदस्य |
| (घ) | सभापति, खोटाङ्ग जिल्ला विकास समिति | - सदस्य |
| (ङ) | प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, खोटाङ्ग | - सदस्य |
| (च) | अध्यक्ष, हलेसी महादेवस्थान गाउँ विकास समिति | - सदस्य |
| (छ) | सम्बन्धित इलाका सदस्य, जिल्ला विकास समिति, खोटाङ्ग | - सदस्य |
| (ज) | प्रतिनिधि, युवा खेलकूद तथा संस्कृति मन्त्रालय | - सदस्य |
| (झ) | प्रमुख, मालपोत कार्यालय, खोटाङ्ग | - सदस्य |
| (ञ) | कार्यकारी निर्देशक | - सदस्य-सचिव |

(३) अध्यक्ष तथा मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ र निजहरू पुनः मनोनीत हुन सक्नेछन् ।

(४) नेपाल सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

(५) समितिले आवश्यकता अनुसार अन्य स्वदेशी तथा विदेशी व्यक्तिहरूलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) हलेसी महादेवस्थानको विकास सम्बन्धी योजना तथा कार्यक्रमहरू स्वीकृत गरी कार्यान्वयन गर्ने, गराउने ।

(ख) हलेसी महादेवस्थानको विकास सम्बन्धी योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्नका लागि विदेशी सरकार राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्था, निकाय वा व्यक्तिसंग सम्पर्क र समन्वय गर्ने ।

(ग) हलेसी महादेवस्थानसंग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित ऐतिहासिक, धार्मिक, साँस्कृतिक, सामाजिक र पुरातात्विक महत्वका स्थलहरूको संरक्षण, सम्बर्द्धन एवं पुनः निर्माण गर्ने, गराउने ।

(घ) हलेसी महादेवस्थानको ताम्रपत्र, शिलालेख, पाण्डुलिपि, मुद्रित सामाग्रीको संरक्षण तथा सम्बर्द्धन गर्ने ।

(ङ) हलेसी महादेवस्थानमा शैक्षिक संस्था, स्वास्थ्य केन्द्र, पुल, ढल, सार्वजनिक शौचालय, कुलो कुलेसो, बाटोघाटो, पानी, बिजुली, टेलिफोन, धर्मशाला जस्ता आधारभूत चीजहरूलाई व्यवस्थित गर्ने ।

(च) हलेसी महादेवस्थानमा पर्यटन व्यवसायको विकास एवं प्रबर्द्धनको लागि आवश्यक वातावरणको सृजना गर्ने ।

(छ) हलेसी महादेवस्थानको प्राकृतिक सम्पदा एवं वातावरणको संरक्षण तथा सम्बर्द्धन गर्ने ।

(ज) हलेसी महादेवस्थानमा समय-समयमा शैक्षिक तथा साँस्कृतिक महत्वका सभा, सम्मेलन, गोष्ठी वा प्रदर्शनीको आयोजना गर्ने ।

(झ) हलेसी महादेवस्थान लगायत धितुङ, अर्खले, च्यासिमटार, बडहरे, मङ्गलटार जस्ता स्थानहरूमा रहेका मठ, मन्दिर, देवालय, गुफा, साँस्कृति र पुरातात्विक महत्वका वस्तुहरूको अनुसन्धान, संरक्षण र सम्बर्द्धन गर्ने, गराउने ।

(ञ) हलेसी महादेवस्थानको गरिमालाई आघात पुऱ्याउने खालका क्रियाकलापहरूो सञ्चालनमा नियन्त्रण तथा निषेध गर्ने र

(ट) यस आदेश बमोजिम समितिको उद्देश्य पूर्तिको लागि आवश्यक अन्य कामहरू गर्ने, गराउने ।

५. **समितिको बैठक सम्बन्धी कार्यविधि** : (१) समितिको बैठक वर्षको कम्तीमा चार पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठक बस्ने सूचना बैठक बस्नु भन्दा कम्तीमा पन्ध्र दिन अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिने छ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

नेपाल कानून आयोग

६. **कार्यकारी निर्देशक** : (१) समितिको प्रशासकीय प्रमुखको रूपमा काम गर्न नेपाल सरकारले कार्यकारी निर्देशकको नियुक्ति गर्न सक्नेछ ।

(२) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले आवश्यक देखेमा कार्यकारी निर्देशकलाई निजको पदावधि समाप्त नहुँदै पदबाट हटाउन सक्नेछ ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा नेपाल सरकारको स्वीकृति लिई समितिले तोके बमोजिम हुनेछ ।

७. **समितिका कर्मचारी** : (१) समितिले आवश्यकता अनुसार समितिका कर्मचारीहरू नियुक्ति गर्न सक्नेछ ।

(२) समितिका कर्मचारीहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

८. **समितिको कोष** : (१) समितिको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम ।

(ख) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरूप प्रदान गरेको रकम ।

(ग) अन्तर्राष्ट्रिय संघ, संस्था, विदेशी सरकार वा एजेन्सीबाट प्राप्त रकम ।

(घ) समितिले उपलब्ध गराएको कुनै सेवा वापत प्राप्त हुने रकम ।

(ङ) समितिलाई सम्बन्धित गाउँ विकास समिति, जिल्ला विकास समिति वा अन्य निकायहरूबाट प्राप्त रकम ।

(च) हलेसी महादेवको मन्दिरमा भक्तजनहरूद्वारा चढाइएको रकम मध्ये समितिले तोकेको रकम ।

(छ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ग) अन्तर्गतको रकम प्राप्त गर्नु अघि समितिले नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) समितिको कोषमा रहने रकम नेपालको कुनै बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(४) समितिको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

नेपाल कानून आयोग

(५) समितिको खाता सदस्य-सचिव र अध्यक्ष वा निजले तोकेको सदस्यको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

९. **लेखा र लेखा परीक्षण** : (१) समितिको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) समितिको लेखा परीक्षण महालेखा परीक्षकको विभाग वा सो विभागबाट तोकेको लेखा परीक्षकबाट हुनेछ ।

(३) नेपाल सरकारले समितिको आय-व्ययको लेखा, तत् सम्बन्धी कागजात र अन्य नगदी वा जिन्सी जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१०. **उपसमिति वा कार्यटोली गठन गर्न सक्ने** : (१) समितिले यो आदेश वा यस आदेश अन्तर्गत बनेको नियम बमोजिम आफूले गर्नु पर्ने काम गर्न, गराउनको निमित्त आवश्यकता अनुसार उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्य टोलीहरूको काम, कर्तव्य र अधिकार तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

११. **बैठक भत्ता तथा अन्य सुविधा** : सदस्यहरूले तोकिए बमोजिम बैठक भत्ता सुविधा पाउनेछन् ।

१२. **अधिकार प्रत्यायोजन** : समितिले आफूलाई प्राप्त अधिकार मध्ये केही वा सबै अधिकार आवश्यकता अनुसार अध्यक्ष, सदस्य, कार्यकारी निर्देशक वा समितिको कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१३. **नेपाल सरकारसंग सम्पर्क** : समितिले नेपाल सरकारसंग सम्पर्क राख्दा युवा, खेलकूद तथा संस्कृति मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१४. **समितिको कार्यालय** : समितिको मुख्य कार्यालय खोटाङ्ग जिल्लाको महादेवस्थान गाउँ विकास समितिमा रहनेछ र आवश्यकता अनुसार अन्य स्थानमा पनि सम्पर्क कार्यालयहरू रहन सक्नेछ ।

१५. **नियम बनाउने अधिकार** : समितिले यस आदेशको उद्देश्य पूर्तिको लागि आवश्यक नियमहरू बनाउन सक्नेछ र नेपाल सरकारबाट स्वीकृत भएपछि मात्र त्यस्तो नियमहरू लागू हुनेछन् ।

नेपाल कानून आयोग